# "ग्रामिण अल्ट्रासाउण्ड सेवा संचालन कार्यविधि ,२०८२"

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०७/२८ गते

प्रतापपुर गाउँपालिका

प्रतापपुर गाउँकार्यपालिकाद्वारा प्रकाशित

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

## प्रतापपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**बेलाटारी, नवलपरासी (ब.सु.प)**

**लुम्बिनी प्रदेश,नेपाल**

**प्रस्तावना :**

नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन,२०७४ र नेपाल सरकारवाट स्वीकृत कार्य बिस्तृतिकरणमा उल्लेखित स्थानीय तहले आमनागरिकलाई सर्वसलभ र गुणस्तरीय आधारभत स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्न, ग्रामीण, नेपाल इन्डिया साइडका गर्भवती आमाहरूलाई धेरै टाढा तथा अन्य निजि संस्था, तथा इन्डिया तिर जान पर्ने वाध्यता हटाउन,समुदायमा निदानात्मक स्वास्थ्य सेवाको पहंच वद्धि गरी प्रजनन तथा सुरक्षित मातत्व स्वास्थ्यको हेरचाह मार्फत मातृ तथा शिश स्वास्थ्य प्रवर्धन एवं मातृ तथा नवशिशु मृत्य घटाउने दिगी विकास लक्ष्य (SDG), सर्बब्यापी स्वास्थ्य पहुच (Universal Health Coverage) अन्तर्गत सबैको स्वास्थ्यमा पहुँच, मातृ तथा नवजात शिशु मृत्यु दरमा कमी, र समग्र जनस्वास्थ्य सुधारका लागि स्थानीय तहबाट प्रभावकारी कदम चाल्नु आवश्यक भएकोले प्रतापपुर गाउँपालिका बाट ग्रामीण अल्ट्रासाउण्ड सेवा संचालन सम्बन्धि कार्यबिधि बनाउन बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा ११ को ख(१०) र(१७) तथा परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि प्रतापपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) **यस कार्यविधिको नाम** ग्रामीण अल्टासाउण्ड सेवा संचालन कार्यविधि-२०८२ रहेको छ।

(२) यो कार्यविधि प्रतापपुर गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) ग्रामीण अल्ट्रासाउण्ड सेवा भन्नाले प्रतापपुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा तालिम प्रास चिकित्सक.नर्स र स्वास्थ्य कार्यकर्ताद्वारा आबधिक र नियमित रुपमा गर्भबती महिलालाई निशुल्क दिईने अल्ट्रासोनोग्राम जांच सेबालाई सम्झनु पर्दछ ।

(ख) दक्ष चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्ता भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वास्थ्य तालिम केन्द्र द्वारा स्वीकृत ग्रामीण अल्ट्रासाउण्ड सेबा सम्बन्धी तालिम बा सो सरहको तालिम वा योग्यता प्राप्त चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्तालाई सम्झनु पर्दछ।

(ग) पायक पने स्बास्थ्य संस्था भन्नाले प्रतापपुर गाउँपालिका मातहतका प्राथमिक स्वास्थ्य केन्द,स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र लगायत स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।



उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(घ) गर्भबती महिला भन्नाले प्रतापपुर गाउँपालिकाको क्षेत्र भित्र बसोवास भएको गर्भवती आमाहरुलाई सम्झनु पर्दछ ।

(ङ) पालिका भन्नाले प्रतापपुर गाउँपालिका सम्झनु पर्दछ।

(च) कार्यालय भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "स्वास्थ्य शाखा" भन्नाले प्रतापपुर गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ।

(ज) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्दछ।

(झ) नागरिक भन्नाले प्रतापपुर गाउँपालिकामा बसोबास गर्ने नागरिकलाई समझनु पर्दछ ।

(ञ) स्वास्थ्य कार्यालय भन्नाले स्वास्थ्य कार्यालय नवलपरासी पश्चिम लाई सम्झनु पर्दछ ।

(ट) कार्यक्रम भन्नाले ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रमलाई सम्झनु पर्दछ ।

**(३) उदेश्यः**

(१) गर्भावास्थाको निदानात्मक जांच गरी गर्भवती आमा तथा शिशुको स्वास्थ्य अवस्था तथा जटिलता पहिचान गरी जटिलता अवस्थाका गर्भवती आमालाई प्रेषण गरी मातृशिशु स्वास्थ्य प्रबर्दन एबं मातृ तथा नवशिशु मृत्यु घटाउने प्रमुख उदेश्य सहित देहायका उदेश्य हुनेछ|

(क) गर्भ संग सम्बन्धित जटिलता समयमा नै पहिचान गरी प्रेषण गर्ने ।

(ख) नवशिशुमा हुने जन्मजात अपांगता पहिचान र रोकथाम तथा प्रेषणा गर्ने ।

(ग) प्रतापपुर गाउँपालिका भित्रका ग्रामिण भेगका विपन्न र दलित समुदायमा रहेको उच्च मातृ तथा नवशिशु मृत्युदरमा कमि ल्याउने ।

(घ) मातृ तथा नवशिशु स्वास्थ्यका कार्यक्रमहरुमा समुदायमा तथा स्थानीय बिच सहकार्य बढाउने ।

(ङ) नियमित गर्भजांच र संस्थागत सत्केरी/ प्रसती सेवाको उपयोगितामा वृद्धि गर्न ।

## परिच्छेद -२

**४. ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रम तथा व्यवस्थापन सम्बन्धी प्रक्रियाः**

(१) कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) ग्रामीण अनल्ट्रासाउण्ड सेवा पूर्ण तया गर्भवती महिला लक्षित हुनेछ ।

(ख) यो कार्यक्रम प्रतापपुर गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरुबाट मात्र उपलब्ध हुनेछ|

(ग) कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनको निमित्त गाउँपालिका स्तरीय अनुगमन समितिको गठन हुनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

(घ) कार्यक्रमको समन्वय, तालिका बनाउने काम स्वास्थ्य शाखाले गर्नेछ र सेवा प्रदान गर्ने व्यक्तिहरु एवं अनुगमनको लागि सुबिधाको व्यवस्था गर्ने काम गाउँपालिकाले गर्नेछ |

(ङ) ग्रामिण अल्ट्रासाउण्डसेवा प्रदान गर्न एक जना तालिम प्राप्त चिकित्सक,नर्स र स्वास्थ्य कार्यकर्ता , एक जना सहयोगी र एक जना स्वास्थ्य शाखाका कर्मचारी परिचालन गरिनेछ |

(च)भिडियो एक्सरे गर्न जाने कर्मचारीहरु २ जना लाई ब्याग र रेनकोटको व्यवस्था एवम बिबिध खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ |

(छ) सेवा प्रदायकले कार्यक्रमको सेवा अभिलेख अनसूची १ बमोजिम राखी अनसची २ बमोजिम मासिक एबम बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित स्वास्थ्य संस्था, स्वास्थ्य शाखा तथा स्वास्थ्य कार्यालयमा पठाउन पर्नेछ।

(ज) ग्रामीण भिडियो एक्सरे सेवा प्रदान गर्नको लागि आवश्यक रजिष्टर, फर्म Gel,video x-ray paper को आवश्यकता अनुसार खरिद गरी व्यवस्था स्वास्थ्य शाखाले गर्नेछ ।

(झ) भिडियो एक्सरे सेवा प्रदान गर्न जाने कर्मचारीलाई प्रतिदिन, प्रति संस्था रु. ८००।,सहायक कर्मचारी लाई ४००,कार्यालय सहयोगी लाई रु १५० र स्वास्थ्य शाखाबाट सहजीकरण गर्ने प्रमुख वा कर्मचारीलाई रु १००० को दरले उपलब्ध गरिनेछ | नियमनुसार १५ % कर कट्टी गरिनेछ |

(ञ) कार्यक्रमको प्रभावकारीताको लागि निरन्तर रुपमा सहजिकरण, अनुगमन र रेखदेख गर्ने काम गाउँपालिका,वडा कार्यालय, स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य शाखाले गर्नेछ |

**५.ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रम संचालन मापदण्ड :**

(क) गर्भवती महिलालाई गर्भ अवधिभरी ४ पटक तालिका वमोजिम सेवा प्रदान गर्नु पर्नेछ |

(ख) USG गर्दा जटिलता देखा परेका गर्भवती महिलाहरुलाई समयमै CEONC सेवा भएको सरकारी अस्पतालमा समन्वय गरी बिशेषज्ञ चिकित्सक सँग परामर्श लिन वा जांचगर्न पठाउनु पर्नेछ ।

(ग) गर्भवती महिलासंगको प्रत्येक भेटमा सेवा प्रदायकले अल्ट्रासोनोग्राम पुनः अनुगमन जाँचको लागि आउने समयको सिफारिस एवम सल्लाह दिनु पर्नेछ ।

**६. ग्रामीण अल्ट्रासाउण्ड सेवा कार्यक्रमको अनुगमन समिति :**

(क) ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई प्रभाबकारी रुपमा कार्वान्यनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

(१) गाउँपालिका उपाध्यक्ष – संयोजक

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृत  - सदस्य

(३) स्वास्थ्य शाखा प्रमुख  -सदस्य

**७. परिच्छेद २ को दफा ४ उपदफा १ को (झ) बमोजिम ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदायकको काम सबै स्वास्थ्य संस्थामा सहजीकरण , भिडियो एक्स-रे गर्ने, रिपोर्ट दिने,रिपोर्टिंग गर्ने र अन्य कामकाज , सहायक कर्मचारीको काम समयमा सबै गर्भवती महिलाहरुलाई ग्रामिण अल्ट्रासाउण्ड सेवा लिन आउन जानकारी गराउने,रजिस्टरमा सम्पूर्ण बिवरण लेख्ने,तथा आवश्यक खण्डमा अन्य कामकाज गर्ने गरी कार्य तोकिएको छ |**

**८.कार्यक्रम सम्पर्क शाखाको जिम्मेवारी :** ग्रामिण अल्ट्रासाउण्ड सेबाकार्यक्रमको सम्पर्क शाखाको रुपमा स्वास्थ्य शाखालाई सम्पर्ण जिम्मेवारी हुनेछ ।

**९ .कार्यक्रम सम्पर्क व्यक्तिको जिम्मेवारी:** ग्रामिण अल्ट्रासाउण्ड सेवा कार्यक्रमको सम्पर्क व्यक्तिको रुपमा स्वास्थ्य शाखामा कार्यरत नर्सिंग कार्मचारीलाई सम्पूर्ण जिम्मेवारी हुनेछ |

**परिच्छेद -३**

**१०.बाधा अड्काउ फुकाउन सक्ने :** यस कार्यविधिको कार्यान्बयनको क्रममा कनै बाधा अडकाउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**११.कार्यविधिको संसोधन तथा परिमार्जनः** कार्यपालिकाको बैठकले यस कार्यविधिमा आबश्यक संसोधन र परिमार्जन गर्न सकनेछ ।

**१२.अनुसूचीमा हेरफेर तथा थपघटः** कार्यपालिकाले यस कार्यक्रम संग सम्वधित अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

**१३.अमान्य हुनेः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु संघिय,प्रादेशिक तथा प्रतापपुर गाउँपालिकाको मूल कानुन संग बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

**१४.कारवाही :** यस कार्यविधि विपरित कार्य गर्न गराउन वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

# अनुसूची १
## (नियम ४ को उपनियम (१)
## छ संग सम्बन्धित ग्रामिण अल्ट्रा साउण्ड सेवा रजिस्टर)
## protable ultrasound service register

| S. N. | Basic Information | Name of Women and Pregnancy Information | First Trimester | | | Status | | Second Trimester | Third Trimester | Other Visit 1 | Other Visit 2 | Other Visit 3 | Other Complications | Referred | Referred to.... | Cause of refer | Outcome of referred patients |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | | | 5 | | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 |
| | MRP No. | | Scanned date | DD/MM/YYYY | | Scanned Date | | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | DD/MM/YYYY | | | | | |
| | | | Period of Gestation | | | Period of Gestation | | | | | | | | | | | |
| | SR No. | | Ectopic Pregnancy | Yes | 1 | Bi-Parietal Diameter | | | | | | | | | | | |
| | | | | No | 2 | Head Circumference | | | | | | | | | | | |
| | | | | | | Abdomen Circumference | | | | | | | | | | | |
| | Caste Code | | Number of gestational sac | | | Femur Length | | | | | | | | | | | |
| | | | Cardiac activity | +ve | | Presentation | Vertex | | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | | | | Breech | | 2 | 2 | 2 | 2 | | | | | |
| | Age | | | -ve | | | Transverse Lie | | 3 | 3 | 3 | 3 | | | | | |
| | | | Crown Rump Length | | | | | | | | | | | | | | |
| | Contact No | Gravida | Retained Product of Conception (RPOC) | | | Fetal Heart Sound | | | | | | | | | | | |
| | | | | | | Fetal Weight | | | | | | | | | | | |
| | Palika Name | Para | Fetus | Live | | Fetus | Live | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | Dead | | | Dead | 2 | 2 | 2 | 2 | 2 | | | | | |
| | Ward No | LMP | Location of Placenta | | | Length of Cervix | | | | | | | | | | | |
| | | DD/MM/YY | | | | Retained Product of Conception | | | | 1 | 1 | 1 | | | | | |
| | Village/Tole | EDD | Hydatidiform (Molar Pregnancy) | 1 | | Location of Placenta | | | | | | | | | | | |
| | | DD/MM/YYYY | Refer | 1 | | Polyhydraminous | | | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Referred to............ | | | Oligohydraminous | | | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Cause of refer | | | Hydatidiform (Molar Pregnancy) | | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | | | Placenta Previa | | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | Outcome of Referred Patients | | | Abruptio Placenta | | 1 | 1 | 1 | 1 | 1 | | | | | |
| | | | | | | Fetal abnormalities | | | | | | | | | | | |
| | | | | | | Number of fetus | | | | | | | | | | | |

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

अनुसूची २
(नियम ४ को उपनियम (१)
छ संग सम्बन्धित ग्रामिण अल्ट्रा साउण्ड सेवा रजिस्टर)

# protable ultrasound service monthly report

Name of Palika: District: Month:

| Description | | | Ward Number of HF/Mobile Camp | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Ward Number | | | | | | | | | | | | | |
| Findings/Classification of Scan cases in Number | First Trimester | Total Scanned Cases | | | | | | | | | | | |
| | | Ectopic Pregnancy | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Cardiac activity –ve | | | | | | | | | | | |
| | | "Retained Product of Conception (RPOC)" | | | | | | | | | | | |
| | | Fetal Death | | | | | | | | | | | |
| | | Hydatidiform Mole (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Referred Cases | | | | | | | | | | | |
| | Second Trimester | Total Scanned Cases | | | | | | | | | | | |
| | | Intra-uterine Fetal Death | | | | | | | | | | | |
| | | Hydatidiform Mole (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Placenta Previa | | | | | | | | | | | |
| | | Abruptio Placenta | | | | | | | | | | | |
| | | Fetal Abnormalities | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Referred Cases | | | | | | | | | | | |
| | Third Trimester | Total Scanned Cases | | | | | | | | | | | |
| | | Presentation-Vertex | | | | | | | | | | | |
| | | Presentation-Breech | | | | | | | | | | | |
| | | Presentation-Transverse | | | | | | | | | | | |
| | | Intra-uterine Fetal Death | | | | | | | | | | | |
| | | Polyhydraminous | | | | | | | | | | | |
| | | Oligohydraminous | | | | | | | | | | | |
| | | Hydatidiform Mole (Molar Pregnancy) | | | | | | | | | | | |
| | | Placenta Previa | | | | | | | | | | | |
| | | Abruptio Placenta | | | | | | | | | | | |
| | | Fetal Abnormalities | | | | | | | | | | | |
| | | Multiple Pregnancy | | | | | | | | | | | |
| | | Referred Cases | | | | | | | | | | | |
| Other Complication | | | | | | | | | | | | | |
| Total Scanned Cases | | | | | | | | | | | | | |
| Total New Cases | | | | | | | | | | | | | |
| Total Repeated Cases | | | | | | | | | | | | | |

Prepared by:
Name:
Designation:
Date:

Verified by:
Name:
Designation:
Date:

उमेश चन्द्र यादव
अध्यक्ष